# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
प्रदेश नं. २, नेपाल

फोन नं. ०५५-५४०२००


प.स. ०७८।०७९
च.नं. ४९५५
श्री वडा अध्यक्षज्यू,

मिति : २०७६।०२।२१

वडा नं.(१,२,३,४,५,६,७,८,९ र १०)

चन्द्रपुर नगरपालिका,

चन्द्रनिगाहपुर, रौतहट ।

**विषय : आ.व. २०७६।०७७ को लागि बजेट सिलिङ र मार्गदर्शन पठाइएको सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठित बजेट सिलिङ र श्रोत अनुमान समितिको मिति २०७६।०२।२० गते बसेको बैठकको निर्णयबाट आगामी आर्थिक वर्ष २०७६।०७७ को लागि वडातहबाट योजना/आयोजना/कार्यक्रमहरुको छनौट गरी प्राथमिकिकरण गरेर नगरपालिकामा पेश गर्न प्रत्येक वडाको लागि रु २ करोड १५ लाख रुपैयाँको बजेट सिलिङ पठाउने निर्णय भएको छ । तोकिएको बजेट सिलिङ र देहाय बमोजिमका मार्गदर्शनहरुको अधिनमा रही आफनो वडाभित्रका बस्तीस्तरबाट योजना/आयोजना/कार्यक्रमको छनौट प्रारम्भ गरी यसै पत्रसाथ संलग्न ढाँचा (Format) मा सकंलित योजना/आयोजना/कार्यक्रमहरुको वडा सभाबाट प्राथमिकिकरण गरेर यहि २०७६ जेष्ठ मसान्तभित्र यस कार्यालयको योजना शाखामा पेश गरिसक्ने व्यवस्था मिलाउनुहुन अनुरोध गर्दछु ।

योजना/आयोजना/कार्यक्रमहरुको छनौट गरी प्राथमिकिकरण गर्दा अवलम्बन गर्नुपर्ने मार्गदर्शनहरु :

१. भौतिक पूर्वाधार निर्माणका योजना आयोजनाहरु छनौट गर्दा कम्तिमा रु ५ लाखभन्दा बढी बजेट विनियोजन हुने गरी योजना छनौट गर्नुपर्नेछ र एउटा योजना रु ३५ लाख वा सो भन्दा बढी बजेट विनियोजित गरेको वडास्तरको नमुना (Pilot) योजना छनौट गरी पेश गर्नुपर्ने ।

२. भौतिक पूर्वाधारका योजनाहरु छनौट गर्दा माटो र ग्राबेल सम्बन्धी योजना छनौट भएकोमा नगरपालिका/वडाको तर्फबाट ६०% बजेट रकम र सम्बन्धित उपभोक्ताहरुबाट ४०% लागत सहभागिता जुट्ने जुटाउने गरी योजनाहरु छनौट गर्नेगरि र पिच (Black Top) र स्लाब ढलान सम्बन्धी योजनाहरु छनौट भएको भए नगरपालिकाको/वडाको तर्फबाट ७०% बजेट रकम र सम्बन्धित उपभोक्ताहरुबाट ३०% रकम लागत सहभागिता जुटने जुटाउने गरी योजनाहरु छनौट गर्न प्राथमिकता दिनुपर्ने ।

३. आफनो वडा कार्यालयलाई सूचना प्रविधि मैत्री (Information Technology Friendly) बनाउने योजना तथा कार्यक्रमहरु पेश गर्नुपर्ने ।

४. सूचना,संचार तथा प्रविधिको विकासलाई प्राथमिकता दिनुपर्ने ।

फोन नं. ०५५-५४०२००

# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
प्रदेश नं. २, नेपाल

प.स.

च.नं.

५. शिक्षा, स्वास्थ्य, सरसफाई, पर्यावरण अनुकूलन, विपद व्यवस्थापन, शिप विकास, रोजगारीको श्रृजना तथा जिविकोपार्जनमा सुधार ल्याउने समेतका सामाजिक विकासका क्षेत्रहरुलाई योजना तथा कार्यक्रमहरु छनौट गरी प्राथमिकता दिनुपर्ने ।

६. योजना तथा कार्यक्रमहरु छनौट गर्दा सबै विषयगत समितिका कार्यक्षेत्रहरु समेटने गरी छनौट गर्नुपर्ने ।

७. तोकिएको बजेट सिलिङको बजेट रकमबाट वडा कार्यालयको प्रशासनिक तथा व्यवस्थापनको लागि हुने खर्चको बजेट रकम र वडा कार्यालयमा डोर हाजिरी तथा सेवा करारमा रहेका कर्मचारीहरुको डोर तथा सेवा करार पारिश्रमिक बापत हुने वार्षिक खर्चको रकम विनियोजन गरेर मात्र योजना तथा कार्यक्रम छनौट गर्नुपर्ने ।

८. वडा कार्यालय भवन नभएको वडाहरुमा वडा कार्यालय भवनको बजेट विनियोजन गरि वडा कार्यालयलाई सूचना प्रविधि मैत्री बनाउनुपर्ने ।

९. W-WASH-CC गठन गरी वडाको सरसफाई रणनीति स्वीकृत गर्ने र त्यस क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी वडालाई वातावरण मैत्री वडा घोषणा गर्न प्राथमिकता दिनुपर्ने ।

१०. बालमैत्री स्थानीय शासन संचालनको लागि योजना छनौट गरी बजेट विनियोजन गर्दा वडामा कृयाशिल रहेका बाल क्लबहरुलाई वडा समितिको बैठकमा सहभागी गराउने ।

११. योजना तथा कार्यक्रमहरु छनौट गरी बजेट विनियोजन गर्दा देहाय बमोजिमको क्षेत्रहरुमा देहाय बमोजिमको रकम विनियोजन गर्नेगरि प्राथमिकता दिनुपर्ने ।

| क्र.सं. | समेटनु पर्ने विषयगत क्षेत्र | आ.व.२०७६।०७७ को लागि विनियोजित गर्नुपर्ने बजेट |
|---|---|---|
| १. | संस्थागत विकास तथा सेवा प्रवाह | १०,००,०००।- |
| २. | आर्थिक विकास समिति | १५,००,०००।- |
| ३. | सामाजिक विकास समिति | ३०,००,०००।- |
| ४. | पूर्वाधार विकास समिति | १,५०,००,०००।- |
| ५. | वातावरण तथा विपद् व्यवस्थापन समिति | १०,००,०००।- |
| | जम्मा | २,१५,००,०००।- |

..............................

बलराम ढकाल

प्रमुख प्रशासकीय अधिकृत

# चन्द्रपुर नगरपालिका

## चन्द्रनिगाहापुर रौतहट

चन्द्रपुर नगरपालिका वडा नं. ... बाट आगामी आर्थिक बर्ष २०७५।०७६ को लागि योजना / कार्यक्रमहरुको प्राथमिकिकरण गरेर नगरपाकिामा पेश गरेका योजना तथा कार्यक्रमहरुको बिबरण

बजेट सिलिङ्ग २,१५,००,००० ।

| सि.न | योजनाको नाम र ठेगाना | बिषयगत क्षेत्र | उपक्षेत्र | लक्षित वर्ग | लाभान्वित घर धुरी संख्या | लाभान्वित जनसंख्या | | योजनाको प्रकार | खर्चको प्रकार | | प्रस्तावित बजेट/ लागत अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पुरुष | महिला | | पुँजीगत | चालु | |
| १ | | पुर्वाधार विकास | सडक | | | | | | | | |
| २ | | पुर्वाधार विकास | | | | | | | | | |
| ३ | | पुर्वाधार विकास | | | | | | | | | |
| ४ | | पुर्वाधार विकास | विद्यालय | | | | | | | | |
| ५ | | आर्थिक विकास | पशु | | | | | | | | |
| ६ | | आर्थिक विकास | कृषि | | | | | | | | |
| ७ | | आर्थिक विकास | | | | | | | | | |
| ८ | | आर्थिक विकास | सहकारी | | | | | | | | |
| ९ | | बन तथा वातावरण | वृक्षारोपण | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | | बन तथा वातावरण | बिपद व्यवस्थापन | | | | | | | | |
| ११ | | बन तथा वातावरण | | | | | | | | | |
| १२ | | बन तथा वातावरण | | | | | | | | | |
| १३ | | सामाजिक बिकास | शिक्षा | | | | | | | | |
| १४ | | सामाजिक बिकास | स्वस्थ्य | | | | | | | | |
| १५ | | सामाजिक बिकास | खानेपानी | | | | | | | | |
| १६ | | सामाजिक बिकास | | | | | | | | | |
| १७ | | संस्थागत बिकास तथा सेवा प्रवाह | | | | | | | | | |
| १८ | | संस्थागत बिकास तथा सेवा प्रवाह | | | | | | | | | |
| १९ | | संस्थागत बिकास तथा सेवा प्रवाह | | | | | | | | | |
| २० | | संस्थागत बिकास तथा सेवा प्रवाह | | | | | | | | | |

वडा सचिव		टोल स्तर योजना छनौट समिति संयोजक		वडा अध्यक्ष

एउटा योजना ५ लाख भन्दा कम लागतको हुने छैन
कम्तीमा एउटा योजना ३५ लाख भन्दा बढीको हुनु पर्ने छ

## टोलस्तरीय योजना तर्जुमा गोष्ठी :-

टोलस्तरीय योजना तर्जुमा गोष्ठी तपशील अनुसारका वडा समिति सदस्यको संयोजकत्वमा देहाय बमोजिमको मितिमा टोलस्तरीय भेला गरी देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु छनौट गर्ने निर्णय गरीयो ।

| क्र.सं. | नाम/ संयोजक | टोलको नाम | मिति | स्थान |
|---|---|---|---|---|
| १ | | | २०७५।०२। | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |